## नेपाल सरकार
## सूचना तथा सञ्चार मन्त्रालय
# मुद्रण विभागको

## स्पष्टीकरण पेश गर्ने सम्बन्धी सूचना

**मिति : २०८३/०५/०४**

यस विभागको शिक्षा सेवा, मुद्रण व्यवस्थापन समूह, मुद्रण व्यवस्थापन उपसमूह, रा.प.अनं. द्वितीय श्रेणी (प्राविधिक) मुद्रण सहायक पदमा पदाधिकार रहनुभएको तपाईं किरण वाग्ले (क.सं.नं. २१५७०५) ले स्वीकृत भएको असाधारण बिदा समाप्त भए पश्चात् पनि यस विभागमा अनुपस्थित रही विदेशी मुलुकको स्थायी आवासीय अनुमति (PR) लिई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (२) खण्ड (ग) बमोजिम कसुर गरेको देखिएकोले सोही कसुरमा ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (२) बमोजिम सजाय गर्नु नपर्ने उचित आधार र कारण केही भए निजामती सेवा नियमावली, २०५० को नियम ११० को खण्ड (क) बमोजिम सफाइ पेश गर्न मिति २०८३/०४/१९ मा सूचना प्रकाशित गरिएकोमा तोकिएको समयावधिभित्र सफाइ पेश नगर्नु भएकोले तपाईंलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (२) को खण्ड (ग) बमोजिमको कसुरमा ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (२) बमोजिम सजाय किन नगर्ने ? निजामती सेवा नियमावली, २०५० को नियम ११० को खण्ड (ख) बमोजिम ३० (तीस) दिनभित्र स्पष्टीकरण पेश गर्नुहुन निजामती सेवा ऐन, २०४९ को दफा ६७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।